आज मिति २०७५ साल माघ १० गते बिहिवारको दिन यस बरैसवर गाउँपालिकाको कार्यालयमा गाउँ पालिकाको अध्यक्ष श्री डम्बर बहादुर राउत क्षेत्री ज्यु को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो।

उपस्थिति

१) अध्यक्ष - श्री डम्बर ब० राउत क्षेत्री

२) उपाध्यक्ष - श्री प्रमिला देवी

३) सदस्य - श्री शैलेन्द्र कु० महतो

४) " - श्री गंगाराम कुवर

५) सदस्य - श्री हिरालाल महतो

६) सदस्य - श्री हिपरमण दहाल

७) सदस्य - श्री शिवकरण यादव

८) सदस्य - श्री राम कुमार पासमान

९) सदस्य - श्री राम ब० बुडो

१०) सदस्य - श्री मन कु० तामाङ — मनलामा

११) सदस्य - श्री खिन माया — खिनमाया

१२) सदस्य - श्री शिवरती देवी चमैन — शिवरती

१३) " श्री कुसुम कु० साह

१४) सदस्य सचिव श्री राम कुमार कार्की

१५) सहयोगी कर्मचारी श्री रघुराम कार्की

१६) " " श्री कल्याणी अर्याल

प्रस्तावहरु

१) स्वास्थ्य चौकी भवनको लागि जग्गा खरिद गर्ने सम्बन्धमा

निर्णय नं. १ :- वडा नं. ३ को लागि स्वास्थ्य चौकी भवन निर्माण गर्न वडामा विनियोजित बजेट रु ६,०००००/- (छ लाख) भित्र रहने गरि वडा कार्यालय भवन आसपास क्षेत्रमा जग्गा खरिद गर्न को लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. २

वडा नं. ५ को बजार व्यवस्थापन को लागि जग्गा खरिद गर्ने सम्बन्धमा,

निर्णय नं. २

वडा नं. ५ को बजार व्यवस्थापन को लागि गा.पा. स्तरीय योजनामा विनियोजन भएको बजेट रु १५,०००००/ (पन्ध्र लाख) बाट साबिक शाहीश गा.वि.स को वडा

नं. १२ ६ राष्ट्रिय आधारभूत विद्यालय नजिक पर्ने गरी जग्गा खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ३

वडा नं. १ को खानेपानी कार्यक्रम सञ्चालनको लागि जग्गा खरिद गर्ने सम्बन्धमा,

निर्णय नं. ३

वडा नं. १ को खानेपानी कार्यक्रम को लागि वडा मा विनियोजन भएको रु ३,०००००/- तिन लाख भित्र रही खानेपानी कार्यालय आसपास जग्गा खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ४

जग्गा पास गरी गाउँपालिकाको नाममा लिने सम्बन्धमा

निर्णय नं. ४

गत विगत आ.व. मा साविक गा.वि.स. र गाउँ पालिकाले खरिद गरि लिइएको साविक वरेखा गा.वि.स. वडा नं. ६ ख.कि.नं. २२ को ०-४-११-० र ऐ.को कि.नं. ६ ख. को कि.नं. ३०२ को ०-२-२१/२ जग्गा गाउँ पालिकाको नाममा रजिष्ट्रेशन पासगरी लिनु पर्ने भएकोले सो मा. लाग्ने खर्च गा.पा. बाट बेहोर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५

करार तथा ज्यालादारी कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा,

निर्णय नं. ५

यस कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत सेवा करारका कर्मचारीहरुको म्याद २०७५ साल पौष मसान्त बाट समाप्त भएकोले कार्यालयको काम-को आवश्यकता अनुसार हाल निजहरु बाट काम लिई नियमित कार्यालय सञ्चालन गर्न अत्यावश्यक भएकोले नेपाल सरकार वा लोक सेवा आयोगबाट पद पूर्ति वा समायोजन भै आउन्जेल सम्म होस् गरी हाल सेवा करारमा कार्यरत कर्मचारीहरु लाई २०७५ साल माघ १ गते देखि लागि हुने

गरि २०७६ साल असार मसान्त सम्मको म्याद थपे गरि निर्णय गरियो ।

<u>प्रस्ताव नं. ६</u>

करारमा कर्मचारि लिने सम्बन्धमा,

निर्णय नं. ६

कार्यालयमा नयाँ खरिद भै आउने हाईरुप जिप १ (एक) चलाउनको लागि हलुका सवारि चालक १ (एक) गाउँ पालिकामा हाल जम्मा १ जना मात्र कार्यालय सहयोगी कार्यरत रहेकोले गाउँ पालिकाको नियमित कार्य सञ्चालन को लागि कम्तीमा २ (दुई) जना र हाल सम्म गा. पा. भवन बिल्डिङ सेन्टर संचालन नभएको कारणले यथाशिघ्र संचालन को लागि २ जना अनुभवी सेवा करारमा भर्ना लिन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ७</u>

करार र ज्यालादारि कर्मचारीहरूलाई पारिश्रमिक दिने सम्बन्धमा,।

निर्णय नं. ७

सेवा करारमा हाल कार्यरत र नयाँ भर्ना हुने हेभी इक्विपमेन्ट, र मेसिनरी औजार र हलुका सवारि साधनका चालकहरूलाई २०७५ साल माघ १ गते देखि लागु हुने गरि नेपाल सरकारले तोके बमोजिम र सरहत नपुग सेवा करारका कर्मचारिलाई तोकिए बमोजिम, अन्य कर्मचारिहरूलाई नेपाल सरकार बाट तोकिएको न्युनतम पारिश्रमिकमा नघट्ने गरि पारिश्रमिक र ज्याला भुक्तानी दिने निर्णय गरियो।

<u>प्रस्ताव नं. ८</u>

गाउँ पालिका भवनको पछाडि बाहिरको शौचालय संख्या २ को मर्मत, धारा ट्यांकी जडान, र माटो भर्ने काम गर्ने सम्बन्धमा,।

निर्णय नं. ८.

गाउँ पालिकाको भवनको पछाडि बाहिरको शौचालय २ को मर्मत, धारा ट्यांकी जडान, र माटो भर्ने काम स्टिमेट अनुसार गरि भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ९

वडा नं. ३ को कार्यालयको भवन अगाडिको जग्गामा माटो भर्ने कामको भुक्तानी र कार्यालय भवनमा विद्युत, पत्ति/जडान गर्ने सम्बन्धमा ।

निर्णय नं. ९

वडा नं. ३ को कार्यालयको भवन अगाडिको जग्गामा माटो भर्ने कार्यको लागि लागेको स्टीमेट अनुसारको रकम भुक्तानी गर्ने र वडा नं. ३ को कार्यालय भवनको हाउस वाइरिङ गर्ने को लागि स्टीमेट बनाई काम सम्पन्न भए पश्चात् स्टीमेट अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. १०. / तथा निर्णय

आ. व. ०७५/०७६ मा सौर्यबत्तीको लागि गाउँ पालिका स्तरीय बजेट बाट विनियोजन भएको, वडाको लागि विनियोजन भएको र पर्यटन तर्फ विनियोजन भएको रकम बाट ५ वटा वडा कार्यालयहरुमा १-१ वटा ३ थप माध्यामीक विद्यालयमा पर्ने गरि १-१ वटा र बाँकी गाउँ पालीका वरपरी र मेन सड्क हुँदै मिथिला जाने बाटोमा जडान हुने गरि उपभोक्ता समिति गठन गरि काम गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ११ / निर्णय

विविध सम्बन्धमा,

१) वर्षिङ्ग सेन्टरको लागि सम्नाल गाड्ने खाल्टो निर्माण गर्दा लागेको स्टीमेट अनुसारको रकम भुक्तानी दिने । ~~सम्बन्धमा~~

२) ५ नं. वडा कार्यालयको सिंढि माथि सिंढी बाट माथि जाने ढोकामा ढोकीने भएकोले मर्मत गराई लागेको रकम भुक्तानी दिने । ~~सम्बन्धमा~~

३. वडा नं. २ र ४ मा रहेको बाटोमा खाल्टा पुर्ने भर्न ४५ टिप माटो ग्राभल लागेको लेसो बापतको ११८०० भुक्तानी दिने । र

४. जिल्ला प्रशासन धनुषाले अनुरोध गरे बमोजिम ५ वटा ल्याउड स्पीकर खरिद गरि दिने

५) श्री च्यमिनी माई वालुवा ग्रावेल रोडा गिट्टी वाकिङ्
उद्योग मि.न.पा.६ थबुवाले मिति २०७५ साल माघ ८
गते दिइएको निवेदन अनुसार निजले आफ्नो र
सम्झौता पश्चायत प्राप्त हुने निजि नम्बरी आवदी
जग्गामा खोपडी निर्माण गर्ने र उत्खननबाट आउने
माटो, ढुङ्गा, वालुवा, ग्रावेल, उद्योग सम्म लैजान
माग गरेकोले वातावरण, गाउँको सौन्दर्यकरण
नबिग्रिने गरि, नेपाल सरकारले तोकेका नियम
हद पालना गर्ने गरी, चौतर्फी नदीनालाई
हानि नोक्सानी नहुने गरि नियमानुसार रोयल्टी
बुझाउने गरि वडा कार्यालयको प्रत्यक्ष निगरानी-
मा काम गर्ने गरि अमानतमा काम गर्न दिने
प्रक्रिया अगाडि बढाउने,

६) सड़क मर्मत संभार शुल्क / गिट्टी, बालुवा, ढुङ्गा
बोक्ने गाडीवार उठाइएको शुल्क बार गाउँ पालिका
को पिच सड़कबाट भगाद्दा जाने बाटोमा स्वाह्य
चेक्पोस्ट पूर्ने र लच्का (बिंगी बोला) मा बनाउने
रुपीमेर गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो।

७) वडा नं. ५ को कार्यालय भवन मा खानेपानीको लागि
टंकी, फिटिङ, मोटर, जडान गर्ने र मेलमिलाप
भवनको लागि फर्निचर गर्ने खरिद गर्ने निर्णय गरियो

८) वडा नं. ५ को कार्यालय भवन, अगाडि कलात
गर्न आवश्यक रकम निकाशा गर्ने

९) सर सफाईको लागि विनियोजन गरेको बजेट
बाट ५ वटै वडामा सर सफाईको कार्यक्रम
संचालन गरि ८ भुक्तानी दिने निर्णय
गरियो

१०) गाउँ पालिका, वडा कार्यालय स्वास्थ्य चौकी
मा जडान गरेका विद्युत मिटरमा लागेको हालसम्म
बाँकी बक्यौता सहसुल रकम भुक्तानी दिने
निर्णय गरियो।